


# आ.व.०७९/०८० वार्षिक प्रगति प्रतिवेदन








योजना शाखा

रैनादेवी छहरा गाउँपालिका

## १.परिचय:

निश्चित लक्ष्य, उदेश्य,रणनीति र कार्यनीति तय गरी उपलब्ध सिमित श्रोत साधनको प्रयोग गरी निश्चित समय सिमाभित्र रही कार्य गर्न बनाइएको दस्तावेजलाई योजना भनिन्छ ।

वार्षिक योजनालाई वार्षिक बजेट तथा कार्यक्रमको रुपमा तयार गरिन्छ ।वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा र स्वीकृत नभई नीति, योजना कार्यक्रम तथा आयोजनाहरु कार्यान्वयन हुन सक्दैन । वार्षिक बजेट तथा कार्यक्रमबाट कार्यक्रम छनोट र बजेट विनियोजन गरी स्वीकृत भएपश्चात मात्र कार्यान्वयन गर्न सकिन्छ । यसकारण स्थानीय तहको विकास र समृद्दिका लागि वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन अति महत्वपूर्ण रहेको छ ।

## २. वार्षिक योजना तथा कार्यक्रम तर्जुमाको आवश्यकता र औचित्य:

वार्षिक योजना तथा कार्यक्रम तर्जुमाको आवश्यकता र औचित्यलाई देहायका बुदाँहरुबाट पुष्टि गर्न सकिन्छ:

- ✓ सिमित श्रोत साधनलाई प्राथमिकता प्राप्त क्षेत्रमा उपयोग गर्न,
- ✓ सामाजिक तथा आर्थिक विकासमा तिव्रता ल्याउन,
- ✓ विगतको उपलब्धि र गति समीक्षा गर्दै आगामी दिनको नतिजा आंकलन गर्न,
- ✓ नतिजामुखी विकास पद्धतिको अवलम्बन र प्रवद्धन गर्न,
- ✓ विकास प्रकृयामा सरोकारवाला विशेग गरी जोखिममा रहेका वर्गको संलग्नता र जवाफदेहिता वृद्धि गर्न,
- ✓ समाजलाई विकास र समृद्धितर्फ अग्रसर गराउन,
- ✓ विपद् जोखिम संवेदनशिलता तथा उत्थानशीलतालाई विकास प्रकृयाको मूलप्रवाहमा ल्याउन,
- ✓ नागरिकहरुको विश्वास अभिवृद्धि गर्न,
- ✓ स्थानीय आर्थिक विकासको माध्यमबाट स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन।

र २४ वटा क्रियाकलापहरु रहेका छन् ।' यिनै चरणहरु पार गरेर स्थानीय तहहरुले आफ्ना बार्षिक बजेट तथा कार्यक्रमहरु स्वीकृत गर्ने गर्दछन।

| क्र.सं. | चरणहरु | समयसिमा | जिम्मेवार शाखा | कैफियत |
|---|---|---|---|---|
| १ | बजेटको पूर्वतयारी | माघ मसान्त सम्म | विषयगत शाखा | |
| २ | श्रोत अनुमान तथा कुल बजेटको सिमा निर्धारण | बैशाख १५ भित्र | प्रमुख प्रशासकीय अधिकृत | |
| ३ | बस्तीस्तरबाट योजना छनोट | बैशाख मसान्तसम्म | वडा कार्यालय | |
| ४ | योजनाको प्राथमिकीकरण | जेठ १० भित्र | वडा कार्यालय | |
| ५ | बजेट तथा कार्यक्रम तर्जुमा | असार ५ भित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति | |
| ६ | कार्यापालिकाबाट स्वीकृती र सभामा पेश | असार १० | कार्यपालिका | |
| ७ | सभाबाट स्वीकृत | असार मसान्तभित्र | गाउँ सभा | |

यि चरणहरु पार गरेर असार मसान्तसम्म स्थानीय गाउँसभाले आगामी आर्थिक वर्षका लागि बजेट तथा कार्यक्रम स्वीकृत गर्दछ । स्वीकृत बजेट तथा कार्यक्रम सम्बन्धित शाखाहरुले कार्यान्वयन गर्ने गर्दछन ।

यसैगरी विकास निर्माण सँग सम्बन्धित योजनाहरु गाउँपालिकामा रहेको योजना, अनुगमन तथा मूल्याङ्कन शाखाले गर्ने गर्दछ ।

## ५. रैनादेवी छहरा गाउँपालिकामा आ.व.०७९/८० मा कार्यान्वयनका लागि स्वीकृत बजेट तथा कार्यक्रमहरु:

आ.व. ०७९/०८० मा कार्यान्वयनका लागि गाउँसभाबाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमहरु बार्षिक बजेट तथा कार्यक्रम पुस्तिकामा प्रकाशन भैसकेकोले ति कार्यक्रमहरु यस प्रतिवेदनमा उल्लेख गरिएको छैन ।

## ६. स्वीकृत कार्यक्रम उ.स. मार्फत कार्यान्वयनका लागी सम्झौता/सम्पन्न योजनाहरुको संख्यात्मक विवरण:

## क) वडागत रुपमा

| वडा न | सम्झौता भएका | सम्पन्न योजना संख्या | कैफियत |
|---|---|---|---|
| १ | ३६ | ३४ | प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री शैक्षिक सुधारका कार्यक्रम पनि समावेश गरिएको |
| २ | ३० | २८ | |
| ३ | ३८ | ३८ | |
| ४ | ५१ | ५० | |
| ५ | २५ | २४ | |
| ६ | ४२ | ३८ | |
| ७ | ३५ | ३५ | |
| ८ | ३२ | ३२ | |
| गापास्तरीय | १०० | ९८ | |
| जम्मा | ३८९ | ३७७ | |

## ख) बिनियोजित बजेटका आधारमा

| क्र.सं. | विवरण | योजना संख्या | बजेट |
|---|---|---|---|
| १ | ५० हजार सम्म | ४६ वटा | रु २२०९५००/- |
| २ | ५० हजार १ देखि १लाख सम्म | १३४ वटा | रु १२४६५२००/- |
| ३ | १ लाख १ देखि २ लाख सम्म | ९७ वटा | रु १७१०८२००/- |
| ४ | २ लाख १ देखि ३ लाख सम्म | ३४ वटा | रु ९३७३०००/- |
| ५ | ३ लाख १ देखि ५ लाख सम्म | ४७ वटा | रु २२०३७९००/- |
| ६ | ५ लाख १ देखि १० लाख सम्म | २८ वटा | रु २५०५२०००/- |
| ७ | १० लाख देखि २० लाख सम्म | ३ वटा | रु ५९०००००/- |
| | जम्मा | ३८९ वटा | रु ९४१४५८००/- |

ठेक्का मार्फत सञ्चालन भएका योजनाहरुको विवरण यसमा समावेश गरिएको छैन ।

आ.व. ०७९/०८० मा यस रैनादेवी छहरा गाउँपालिकाको कुल पूँजिगत रकम रु २३४८५४०००।– अक्षेरुपी २३ करोड ४८ लाख ५४ हजार रुपैया रहेको थियो । आ.व अन्त्यमा कुल पूजिगत रकमको ६८.३ प्रतिशत रकम खर्च भएको थियो ।

कुल पुजिगत बजेटमा ५ लाख सम्मका योजनाहरुको हिस्सा:

=२३४८५४०००/६३१९३८००*१००

= ३७.१६ प्रतिशत

यसरी कम रकमका स-साना योजनामा बजेट बिनियोजन गर्दा प्राप्त हुने प्रतिफल कम तर लगानी बढी भैरहेको हुन्छ । सकेसम्म बजेट निर्माण गर्दा प्रतिफल दिने ठुला गौरबका योजनाहरु बढी प्राथमिकतामा राखि बनाउनु पर्ने देखिन्छ तर पहाडी भेगमा छरिएर रहेको बस्तिका कारण हरेक बस्तिका माग र चाहना अनुरुप बजेट बिनियोजन गर्दा स-साना योजनामा बजेट बिनियोजन गर्नुपर्ने बाध्यता पनि हो । संख्यात्मक रुपमा योजना धेरै देखिए पनि तुलनामत्मक रुपमा भने बजेट कम नै रहन्छ ।

**ग) योजनाका किसिमका आधारमा:**

| क.सं. | विवरण | सम्झौता योजनाको संख्या | कैफियत |
|---|---|---|---|
| १ | सडक | २०३ वटा | |
| २ | खानेपानी | ३७ वटा | |
| ३ | सिँचाई | २५ वटा | |
| ४ | खेलकुद तथा मनोरञ्जन | १८ वटा | |
| ५ | भवन निर्माण | १४ वटा | |
| ६ | संस्कृति प्रर्वद्दन | १७ वटा | |
| ७ | शिक्षा | २४ वटा | |
| ८ | श्रम तथा रोजगारी | १३ वटा | |
| ९ | गोरेटो बाटो | ३ वटा | |
| १० | संस्थागत क्षमता विकास | १ वटा | |
| ११ | अन्य पूर्वाधार विकास( चौपारी निर्माण, तारबार, जाली भर्ने कार्य, | ३१ वटा | |

| | | | |
|---|---|---|---|
| | मर्मत सम्भारका कार्यहरु) | | |
| १२ | फोहोरमैला व्यवस्थापन | १ वटा | |
| १३ | स्वास्थ्य | २ वटा | |
| | जम्मा | ३८९ वटा | |

## ७. उपभोक्ता समिति गठनमा समावेशिताको अवस्थाः

महिला, दलित, जनजाती, अपाङ्गता, गरिब वा पछाडी परेको वर्ग वा समुदायलाई नीति निर्माण, निर्णय पकृया एवम् कार्यसम्पादन प्रकृयामा अर्थपूर्ण सहभागी गराउने कार्य नै समावेशिकरण हो । नेपालको संविधान २०७२ ले नै समावेशि समाजको परिकल्पना गरेको हुदाँ उक्त परिकल्पनालाई सार्थकता दिन हरेक क्षेत्रमा समावेशिकरण हुनु जरुरी छ । यसै सन्दर्भमा स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ को परिच्छेद २ को दफा ४ उपभोक्ता समिति गठन सम्बन्धि व्यवस्थाको उपदफा १च) मा उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अबलम्वन गर्नुपर्नेछ । समितिमा कम्तिमा ३३ प्रतिशत महिला सदस्य हुनुपर्ने र समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये एकजना महिला पदाधिकारी अनिवार्य रहने व्यवस्था रहेको छ । सोही व्यवस्था बमोजिम यस रैनादेवी छहरा गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने हरेक योजना तथा कार्यक्रममा गठन हुने उपभोक्ता समितिमा समावेशि सिद्धान्तका आधारमा समिति गठन हुने गरेको छ ।

आ.व. ०७८/०७९ र ०७९/०८० मा तपसिलको  संख्यामा समावेशि सिद्धान्तका आधारमा समिति गठन हुदाँ समितिको अध्यक्ष वा संयोजक पदमा महिला, दलित, जनजाती, अपाङ्गता भएका व्यक्ति वा पछाडि परेका व्यक्तिहरुको प्रतिनीधित्व रहेको थियो । जसलाई तुलनात्मक रुपमा तलको तालिकामा प्रस्तुत गरीएको छ ।

| आ.व.०७७/०७८ | | | आ.व. ०७८/०७९ | | |
|---|---|---|---|---|---|
| जम्मा योजना | अध्यक्ष पदमा महिला,जनजाती, दलित,अपाङ्गता वा पछाडी परेका समुदायको प्रतिनीधित्व रहेको योजनाको संख्या | प्रतिशत | जम्मा योजना | अध्यक्षपदमा महिला, जनजाती, दलित, अपाङ्गता वा पछाडी परेका समुदायको प्रतिनीधित्वरहेको योजनाको संख्या | प्रतिशत |
| ५०६ | ३०२ | ५९.६८ | ३८९ | २२८ | ७८.८९ |

माथिको तालिकाको अध्ययन गर्दा आ.व.०७८/०७९ मा जम्मा योजनाको संख्या ५०६ थिए जसमा अध्यक्ष पदमा महिला,जनजाती, दलित,अपाङ्गता वा पछाडी परेका समुदायको प्रतिनीधित्व रहेको योजनाको संख्या ३०२ थियो जुन कुल योजनाको ५९.६८ प्रतिशत हुन आउँछ । यसैगरी आ.व.०७९/०८० मा जम्मा योजनाको संख्या ३८९ थिए जसमा अध्यक्ष पदमा महिला,जनजाती, दलित,अपाङ्गता वा पछाडी परेका समुदायको प्रतिनीधित्व रहेको योजनाको संख्या २२८ थियो जुन कुल योजनाको ७८.८९ प्रतिशत हुन आउँछ । आ.व. ०७७/०७८ को तुलनामा ०७८/०७९ मा योजनाको संख्या बढे पनि अध्यक्ष पदमा महिला,जनजाती, दलित,अपाङ्गता वा पछाडी परेका समुदायको प्रतिनीधित्व बढेको देखिन्छ ।

## ८ . योजना, अनुगमन तथा मूल्याङ्कन शाखाबाट सम्पादित कार्यहरु:

### क) उपभोक्ता तालिम सञ्चालनः

वार्षिक स्वीकृत बजेट तथा कार्यक्रममा उपभोक्ता समितिलाई तालिम शिर्षकमा बिनियोजित ४ लाख बजेटको प्रस्तावना स्वीकृत गरी मिति २०७९/०५/२३ गते देखि २०७९/०५/३० गते सम्म ८ वटै वडामा उपभोक्ता तालिम सञ्चालन गरिएको थियो । जसमा योजना कार्यान्वयनका लागि गठित उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई तालिममा सहभागी गराइएको थियो ।

**ख) योजना सम्झौताका लागि घुम्ती शिविरः**

जनतालाई सजिलो होस भन्ने हेतुले यस रैनादेवी छहरा गाउँपालिकाले प्रत्येक वडामा गएर योजना सम्झौता गर्ने कार्य गरेको थियो ।सम्झौताका लागि आवश्यक पर्ने जनशक्ति वडामै गएर सम्झौता गर्ने कार्य मिति २०७९/०८/१८ देखि २०७९/०८/२५ गतेसम्म रहेको थियो ।

**ग) योजना अनुगमन तथा सुपरिवेक्षणः**

गाउँलिकाबाट सञ्चालन हुने विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा ४ खण्ड (ख) मा भएको व्यवस्था बमोजिम गरिने अनुगमन तथा सुपरिवेक्षण कार्यलाई व्यवस्थित र प्रभावकारी तुल्याउनका लागि रैनादेवी छहरा गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि २०७८ बनाई लागु गरेको छ ।

सोही कार्यविधिको परिधिभित्र रहि यस रैनादेवी छहरा गाउँपालिकाले चालु आ.ब.मा गाउँपालिकाबाट सञ्चालन हुने विकास निर्माणका कार्य, कार्यक्रम तथा गैर सरकारी संस्था एवम् सामुदायिक संस्थाबाट सञ्चालित कार्यक्रमहरु उचित ढंगबाट नीति तथा कानुनको परिधि भित्र रहेर सञ्चालन भए नभएको, अपेक्षित नतिजा हासिल भए नभएको कुराहरुको निरन्तर रुपमा वा आवधिक रुपमा अनुगमन गर्दछ । यसरी अनुगमन गर्दा कानून बमोजिम वा तोकिएको मापदण्ड भित्र रहेर कार्य नगरेमा वा गुणस्तरमा कमि देखिएमा अनुगमन समितिले कार्यविधि भित्र रहेर उपभोक्ता समिति वा सम्बन्धि संघ संस्थाहरुलाई सल्लाह सुझाव दिनुका साथै खबरदारी गर्ने काम समेत गर्ने गर्दछ ।

रैनादेवी छहरा गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०७८ को परिच्छेद २ को दफा ३ बमोजिम यस रैनादेवी छहरा गाउँपालिकामा सञ्चालन हुने आयोजना था कार्यक्रमको लागत परिमाण समय सिमा र गुणस्तरीयाको आधारमा अनुगमन गरी पृष्ठपोषण दिनका लागि तपसिलको अनुगमन तथा सुपरिवेक्षण समिति गठन भएको छ ।

क) युवराज थापा- संयोजक (उपाध्यक्ष)

ख) लक्ष्मण हिताङ्ग-सदस्य (सदस्य)

ग) लक्ष्मी कुमाल- सदस्य (सदस्य)

घ) दिनेश सारु- सदस्य (प्र.प्र.अ.)

ङ) किशोर खनाल-सदस्य (ईन्जिनियर)

च) अंमृता पौडेल- सदस्य सचिव (योजना शाखा प्रमुख)

यस अनुगमन तथा सुपरिवेक्षण समितिले यस गाउँपालिकाभित्र सञ्चालित आयोजनाहरुको स्थलगत अवलोकनका साथसाथै आयोजना/कार्यक्रम कार्यान्वयनमा संलग्न व्यक्तिहरु, सरोकारवालाहरुसँग छलफल गरी रायसुझाव तथा पृष्ठपोषण दिने गर्दछ ।

यस समितिले गाउँपालिका, प्रदेश र संघबाट बजेट विनियोजन भै गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने र गाउँपालिका भित्रका स्थानीय बासिन्दाहरु पूर्ण रुपमा लाभान्वित हुने २ लाख भन्दा माथि रकम भएका आयोजनाहरुको अनुगमन गरी सोको प्रतिवेदन दिने काम गर्दछ ।

चालु आ.व. ०७९/०८० मा यस रैनादेवी छहरा गाउँपालिका भित्र सञ्चालनका लागि सम्झौता भएका २ लाख भन्दा माथिका ११२ वटा योजनाहरुमध्ये ११० वटा योजनाहरुको अनुगमन तथा सुपरिवेक्षण गरेको थियो।

घ) अन्य कार्यहरुः

योजना शाखाको कार्यक्षेत्रमा रहेका योजना कार्यान्वयनका अतिरिक्त प्रमुख प्रशासकीय वा माथिल्लो निकायले तोकेका कार्यहरु पनि योजना शाखाले निरन्तर रुपमा सेवा प्रवाह गर्दै आएको छ ।

## ८. योजना शाखाबाट सम्पादित कार्यक्रमका केही झलकहरुः



तस्बिरः उपभोक्ता तालिममा सहभागी




तस्बिरः उपभोक्ता तालिममा प्रशिक्षण गर्दै लेखा अधिकृत



तस्बिरः वडामै गएर योजना सम्झौता गर्दै कर्मचारीहरु

## ९. योजना शाखाबाट कार्यसम्पादन गर्दा आइपरेका समस्या/चुनौतीहरुः

योजना, अनुगमन तथा मुल्याङ्कन शाखाको मुख्य कार्य योजना कार्यान्वयन नै रहेकाले योजना कार्यान्वयनमा देखा पर्ने समस्याहरु नै योजना शाखाका मुख्य समस्या तथा चुनौती हुने गर्दछन । ति समस्याहरु देहाय बमोजिम रहेका छन्

- स्थानीय तहमा प्रायः छरिएर रहेका टुक्रे योजनाहरु तर्जुमा तथा स्वीकृत हुने हुदाँ ति योजना कार्यान्वयनमा विभिन्न समस्याहरु आइपर्ने जस्तैः उपभोक्ता समिति गठन, फरक योजनाको लागि छुट्टै फाइल खडा गर्नुपर्ने अर्थात् ठूलो र साना योजना कार्यान्वयन प्रकृया एउटै हुने हुदाँ साना योजनाले  गर्दा कार्यबोझ बढ्ने,
- स-साना योजनाहरुको प्रतिफल पनि कम हुने,
- उपभोक्ता समितिमार्फत योजना कार्यान्वयन गराउँदा जनसहभागिता जुटाउन कठिनाई,
- माग र आवश्यकताका आधारमा नभई व्यक्ति विशेष योजना तर्जुमा हुने,

- अपुग रकमका कारण योजनाहरु अलपत्र अवस्थामा देखिनु अर्थात् पर्याप्त मात्रामा बजेट बिनियोजन पनि नगरिनु,
- बेमौसमी योजना माग गर्ने परम्परा हावी हुनु,
- अबण्डामा बजेट राख्ने परम्पराले प्राथमिकता पाउनु,
- योजना तर्जुमा गर्दा cost benefit analysis नगरी योजना तर्जुमा गर्नु,
- बहुवर्षे तथा ठुला योजनाको मात्रा न्यून हुनु ।

**१०. समस्या न्यूनिकरणका उपायहरु/ सुझावहरुः**

माथि उल्लेखित समस्याहरु समाधानका लागि देहाय बमोजिमका उपायहरु अबलम्बन गर्नुपर्ने देखिन्छः

- माग र आवश्यकतामा आधारित योजनाहरुको प्राथमिकिकरण गरी ति योजनालाई लाग्ने रकम पूर्व अनुमान गरी बजेट बिनियोजन गर्ने,
- ठुला तथा बहुबर्षिय योजनाहरुलाई बिशेष जोड दिने,
- गुणस्तरीय र समयमा काम गर्ने व्यक्ति तथा संस्थालाई पुरस्कृत गर्ने,
- बजेट बिनियोजनमा राजनीतिकरण भागवण्डा नगरी आवश्यकताका आधारमा मात्र गर्ने ।